# आर्थिक वर्ष २०७७/७८ को

# विनियोजन ऐन, २०७७

## छत्रदेव गाउँपालिका

**छत्रगञ्ज - अर्घाखाँची**

**५ नं. प्रदेश, नेपाल**

छत्रदेव गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची

**विनियोजन ऐन, २०७७**

छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, *सभाबाट स्वीकृत मिति: २०७७।०३।१०*

प्रमाणिकरण मितिः२०७७।०३।१०

**प्रस्तावनाः**

छत्रदेव गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम छत्रदेव गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१) यस ऐनको नाम "छत्रदेव गाउँपालिका, अर्घाखाँचीको विनियोजन ऐन,२०७७" रहेको छ।

१.२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा र कार्यहरुका निमित्त अनुसूची–१ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु.६१,३३,६१,०८०। (अक्षरुपी एकसठ्ठी करोड तेत्तीस लाख एक सठ्ठी हजार असी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। पछि संघ, प्रदेश एवं अन्य निकायहरुवाट गाँउ पालिकालाई प्राप्त हुने सबै प्रकारका आम्दानीहरु निर्दिष्ट गरिएका कामको लागि खर्च गर्न बाधा पुग्ने छैन।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर, चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची-१**

**दफा २ सँग सम्बन्धित, नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | गाउँ कार्यपालिका स्तरीय कार्यक्रम | ३८,८६,२६,०००। | २२,४७,३५,०८०। | - | ६१,३३,६१,०८०। |
| ३ | | वडा स्तरीय कार्यक्रम | - | - | - | ३,२०,००,०००। |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | - | - |

**सम्वत् २०७७ साल आषाढ१० गते गाउँसभाद्वारा पारित छत्रदेव गाउँपालिकाको विनियोजन ऐन, २०७७ प्रमाणित गर्दछु।**

**मितिः २०७७।०३।१०**

**लेखनाथ पोख्रेल**
अध्यक्ष
छत्रदेव गाउँपालिका